# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

आर्थिक बिकास महाशाखा

कृषि तथा पशुपंक्षी ब्यवशाय प्रवर्द्धन शाखा

भरतपुर,चितवन, बागमती प्रदेश ,नेपाल

फोन नं;-०५६-४९३७२१
Email; bmlchitawan @ gmail.com

## BHARATPUR METROPOLITAN CITY

office of Municipal Executive

Bharatpur,Chitwan,Nepal

पत्र संख्या:- २०८२ / २०८३
च.नं.:- ९२८

मितिः- २०८२/०५/१५

श्री सुचिकृत पशु प्रजनन तथा पशुस्वास्थ्य कर्मिहरु सबै
भरतपुर,चितवन।

बिषयः- सुचिकृत/ नविकरण हुन आउने सम्वन्धमा ।

भरतपुर महानगर भित्रका पशु स्वास्थ्यकर्मी तथा कृत्रिम गर्भाधानकर्ताहरुले गरेका कामहरुको प्रगति विवरण महानगरमा प्रतिवेदन गर्न, पशु स्वास्थ र कृत्रिम गर्भाधान सेवा प्रवाह गर्ने प्राइभेट पाराभेटहरूको नियमन गर्न, सेवा प्रवाहलाई थप सहज र प्रभावकारी बनाउन र सरकारी र निजीस्तरका प्राविधिकहरूबिच सहकार्यमा सेवा प्रवाह र विस्तार गर्न यो सुचिकृत/ नविकरण गर्न लागिएको हो। पशु स्वास्थ्यकर्मी तथा कृत्रिम गर्भाधानकर्ताहरूले महानगरमा दर्ताका लागि तपसिलका कागजात सहित निवेदन दिनु पर्नेछ। शाखाले नियमानुसार दर्ता गरी परिचयपत्र प्रदान गर्नेछ। छ महिना भित्र मासिक ३० वटा र तोकिएको समयमा कम्तीमा १० पटक प्रगति पेश नगर्ने कृत्रिम गर्भाधानकर्ताको दर्ता नविकरण गरिने छैन साथै महानगरको शाखा तथा पशु सेवा केन्द्रमा कृत्रिम गर्भाधान संचालन गर्ने सरकारी स्तरका प्रविधिक बाहेक अन्य प्रविधिकहरुले सुचिकृत /नविकरण नगरेमा तथा अन्य पालिका / कार्यलयका प्रविधिकहरुलाई सिमेन संरक्षण बापत प्रति सिमेन थप संरक्षण शुल्क रु २०/- तिर्नु पर्नेछ।

सुचिकृत/ नविकरण गर्न पेश गर्नु पर्ने कागजातहरु

क. महानगरपालिका वा सम्बन्धित वडा कार्यालमा पशु स्वास्थ्यकर्मी तथा ईन्सिमिनेटर भन्ने उदेश्य खुलेको फार्म/ब्यवशाय दर्ता/नविकरण गरेको प्रमाणपत्र ।

ख. पान दर्ता वा नविकरण।

ग. नेपाली नागरिकताको प्रमाणपत्र ।

घ. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस।

ङ. ईन्सिमिनेटरको हकमा कम्तिमा जेटिए वा सो सरह अध्ययन गरेको प्रमाणपत्र, कृत्रिम गर्भाधान तालिम लिएको प्रमाणपत्र, सम्वन्धित परिषदमा दर्ता भएको प्रमाण पत्र र कृत्रिम गर्भाधान गर्ने अनुमति पत्र।

च. अन्य सम्बन्धित विषयको शैक्षिक योग्यताको प्रमाण पत्र।

छ. नबिकरण गर्नुपर्दा चालु आ.व.को प्रथम चौमासिक अवधि भित्र वडा कार्यालयको सिफारिस र वडामा ब्यवशाय वा फर्म नबिकरण गरेको प्रमाण, अघिल्लोआ.व. सम्मको करचुक्ता र नविकरण।

ज) विपत तथा संक्रमित रोग रोकथाम गर्न सहयोग गर्ने छु भन्ने प्रतिवद्वता पत्र।

.....................
लक्ष्मिप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

"मध्य नेपालको सुन्दर शहर समृद्द र सुसंस्कृत भरतपुर महान· प्रमुख प्रशासकीय अधिकृत